नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# शित भण्डार गृह स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७४ (प्रथम संसोधन २०७५)

नेपाल सरकार (मा. मन्त्रीस्तर) मिति २०७५/६/११ मा स्वीकृत)

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना**

# शित भण्डार गृह (कोल्ड स्टोरेज) स्थापनाकार्यान्वयन कार्यविधि-२०७४

## खण्ड १. पृष्ठभूमि

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

कृषि विकास रणनीतिको कार्यान्वयनको सहयोगी परियोजनाको रुपमा रहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले विशिष्टिकृत वालीहरुको मुल्य शृंखलामा कार्य गर्दै आएको छ । प्रमुख कृषि उपजहरुको विशिष्टकृत क्षेत्रहरु निर्माण गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी मुल्य शृंखलाका अवयवहरु, उत्पादन सामग्रीको उत्पादन तथा वजारिकरण, फार्म मेसिनरीहरुको सञ्चालन, उत्पादित कृषि उपजको सुरक्षित भण्डारण, प्रशोधन तथा विक्रि वितरण सम्वन्धी पुर्वाधारहरुको विकास सम्वन्धी अवधारणा यस परियोजनाको विशेषताको रुपमा रहेका छन् । विशिष्टकृत क्षेत्रहरुबाट उत्पादन भै आएका कृषि उपज खास गरी बीउआलु, फलफूल र तरकारीको सुरक्षित भण्डारण र भण्डारण क्षमता वृद्धिका लागि शित भण्डार गृह अपरिहार्य भएको छ । कृषि उपजहरुको उत्पादन उप्रान्तको क्षति न्यूनीकरण, गुणस्तर प्रवर्द्धन, आवश्यक परिमाणमा उपलब्धता सुनिश्चित गर्न र व्यवसायिक तथा औद्योगिक उत्पादन एवं बजारिकरणका लागि शित भण्डार सुविधा विकास गर्न स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम प्रतिस्पर्धाको आधारमा निजी कम्पनीसँग साझेदारीमा शित भण्डार गृह निर्माणको लागि ७०% पूँजिगत अनुदानमा मेशीनरी उपकरणहरु समेतको कार्य *आ. व. ०७४/७५ मा स्वीकृत भएका तथा नयाँ थप हुने जिल्लाहरु समेत गरी क्रमागतरुपमा प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाले निजी क्षेत्रलाई वहुवर्षिय कार्यक्रम अन्तर्गत बढिमा २ वर्ष भित्र सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याउन जिल्लागत प्रतिस्पर्धा र लागत सहभागिताको आधारमा **शित भण्डार गृह स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि -**२०७४ तयार गरी लागु गरेको छ।

## खण्ड २. संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

२.१ यस कार्यविधिको नाम **शित भण्डार गृह स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७४** रहेको छ ।

२.२ यो कार्यविधि स्वीकृत भएपछि तुरुन्त लागु हुनेछ ।

२.३ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "परियोजना" भन्नाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सम्झनु पर्दछ ।

(ख) "सुपर जोन" भन्नाले राष्ट्रिय प्राथमिकता र स्थानिय सम्भाव्यताका आधारमा तोकिएको पुर्वाधारहरु भएको तोकिएको वाली/वस्तुमा न्यूनतम १००० हेक्टरमा सञ्चालन भएको कृषि औद्योगिक क्षेत्र सम्झनु पर्दछ ।

(ग) "जोन" भन्नाले राष्ट्रिय प्राथमिकता र स्थानिय सम्भाव्यताका आधारमा तोकिएको पुर्वाधारहरु भएको र तोकिएको वालीमा न्यूनतम ५०० हेक्टरमा सञ्चालन भएको व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र सम्झनु पर्दछ ।

(घ) "व्लक" भन्नाले राष्ट्रिय प्राथमिकता र स्थानीय सम्भाव्यताका आधारमा तोकिएको पूर्वाधारहरु भएको र तोकिएको वाली/वस्तुमा न्यूनतम १०० हेक्टरमा सञ्चालन भएको व्यवसायिक कृषि उत्पादन केन्द्र सम्झनु पर्दछ ।

(ङ) "कार्यक्रम" भन्नाले शित भण्डार गृह स्थापना भन्ने सम्झनु पर्दछ।

* पहिलो संसोधनबाट थप

(च) "शित भण्डार गृह" भन्नाले विभिन्न कृषि जन्य उपजहरुको भण्डारणका लागि मल्टिचेम्बर इन्टिग्रेशन युक्त (कृषि, पशुजन्य, माछा, तरकारी, फलफूल, पुष्प आदि) प्राविधिक रुपमा उपयुक्त शित भण्डारण गृह सम्झनु पर्दछ।

(छ) "भौतिक पुर्वाधार" भन्नाले शित भण्डार गृहका लागि आबश्यक पर्ने भौतिक पुर्वाधार (भवन, विजुली, पानी, सडक आदि) तथा मेशिनरी औजारहरु आदि सम्झनु पर्दछ ।

(ज) "निजी संस्था" भन्नाले व्यवसायिक रुपमा कृषि पेशा व्यवसायलाई प्रवर्द्वन गर्ने उद्देश्यले नियमानुसार सम्बन्धित निकायमा दर्ता भएको निजी कम्पनीलाई जनाउने छ।

(झ) "मूल्य शृंखला" भन्नाले परियोजनाले निर्दिष्ट गरेका विभिन्न बाली वस्तुहरुको उत्पादन देखि उपभोग्य अवस्था सम्मका विभिन्न कार्य शृंखलाहरु जहाँ एक पछि अर्को तहमा लागत र संलग्नता थप भई मूल्य अभिवृद्धि हुँदै जाने समष्टिगत स्वरुपलाई सम्झनु पर्दछ ।

(ञ) "परामर्शदाता" भन्नाले स्वीकृत कार्यक्रम अनुसार परियोजनाबाट करार परामर्श सेवामा नियुक्त भएका सम्बन्धित विज्ञहरुलाई जनाउने छ ।

## खण्ड ३. उद्देश्य

३.१ यस कार्यविधि अनुसार कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (PMAMP) अन्तर्गत विशिष्टिकृत क्षेत्रमा उत्पादित बाली र वस्तुहरुको गुणस्तर प्रवर्द्धन गरी बजारिकरणमा टेवा पुर्याउने ।

(ख) शित भण्डार गृह स्थापना र सञ्चालन मार्फत परियोजनाका सम्भागहरुमा उत्पादित कृषि उपजहरुको लागि पर्याप्त भण्डारण सुविधा उपलब्ध गराई उत्पादनोपरान्त क्षति न्यूनीकरण गर्दै, भण्डारण क्षमत वृद्धि गर्न आवश्यक परिमाण र उचित मूल्यमा सहज उपलब्धता गराउने ।

(ग) भण्डारण सुविधाको विकास मार्फत परियोजनाका सम्भागहरुमा संलग्न तथा आसपासका कृषकहरुलाई लक्षित बाली वस्तुहरुको थप उत्पादनका लागि प्रोत्साहन गर्ने ।

(घ) ब्यवसायिक, औद्योगिक तथा निर्यातमूलक कृषि उत्पादन प्रवर्द्धनका लागि आवश्यक भण्डारण सुविधा उपलब्ध गराउने ।

## खण्ड ४. कार्यक्रम सञ्चालन प्रक्रिया

४.१ क्षेत्र तथा कम्पनी छनौटका आधारहरु: कार्यक्रम सञ्चालन क्षेत्र तथा कम्पनी छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्:

(क) यो कार्यक्रम जिल्लाका विशिष्टिकृत उत्पादन क्षेत्रहरुबाट उत्पादन भई आउने र बजारीकरणका दृष्टिले सम्भाब्य तथा महत्वपुर्ण रहेका एवं कार्यक्रममा समाविष्ट भएका जिल्लामा सञ्चालन गरिनेछ।

(ख) स्थापना हुने शित भण्डारको क्षमता अनुसार उक्त शित भण्डार सञ्चालन गर्न आवश्यक परिमाणमा कृषि उत्पादनको सम्भाव्यता भएको हुनु पर्नेछ ।

(ग) प्रस्तावित शित भण्डार गृह अनुसची १ मा उल्लेखित भए बमोजिमको मापदण्ड पुगेको हुनु पर्नेछ ।

(घ) मापदण्ड पुरा गर्ने कम्पनीले पेश गरेको प्रस्ताव कार्यविधिको दफा ४.३ मा गठित मूल्यांकन समितिले आन्तरिक जिल्ला (Within district) प्रतिस्पर्धाको आधारमा स्वीकृत मूल्याङ्कनको आधारको न्यूनतम ७०% अंक प्राप्त गर्नु पर्नेछ । * साथै मूल्याङ्कनमा ईन्जिनियरिङ डिजाईन स्टिमेट तथा व्यवसायिक योजना प्रस्तावमा अनुसूची ४ मा तोकिएको न्यूनतम उतिर्ण अंक प्राप्त गर्न नसकेमा प्रस्ताव स्वतः असफल हुनेछ ।

(ङ) एक कम्पनीले एक जिल्लाको लागि मात्र प्रस्ताव दर्ता गराउनेछन् । प्रस्ताव सिलबन्दी गरि अन्तिम दिनको अपरान्ह १२.०० बजे भित्र पेश गर्नुपर्नेछ । प्रस्ताव पेश गर्ने अन्तिम दिन विदा परेमा लगतै कार्यालय खुलेको दिन अपरान्ह १२.०० बजे भित्र पेश गर्नुपर्नेछ ।प्रस्ताव पेश गर्ने अन्तिम दिनकै अपरान्ह २.०० बजे दर्ता भएका प्रस्तावहरु नियमअनुसार आवेदकको उपस्थितिमा खोलिनेछ। यदि सो समयमा आवेदक वा निजको आधिकारीक प्रतिनिधि उपस्थित नभएमा सिलवन्दी प्रस्ताव खोल्न बाधा पर्नेछैन ।

४.२ कार्यक्रम कार्यान्वयन: यस कार्यक्रमको कार्यान्वयन देहाय बमोजिम हुनेछः

(क) यस कार्यक्रम सन्चालनका लागि प्राविधिक फोकल शाखाको रुपमा परियोजनाको प्रविधि बिस्तार तथा पुर्वाधार विकास शाखा रहनेछ।

(ख) परियोजनाले शित भण्डार गृह निर्माण गर्न चाहने नीजि कम्पनीहरुबाट आयोजना प्रस्ताव मागका लागि ३० दिन म्याद हुने गरी राष्ट्रियस्तरको दैनिक पत्रिका मार्फत प्रस्ताव आब्हान गरी सूचना प्रकाशन गर्नेछ।

(ग) यस कार्यविधिको अनुसुची -१ अनुसारको मापदण्ड पुगेका कम्पनीले माग आकृति फाराम (अनुसुची -२) भरी अनुसुची ३ अनुसारका आवश्यक कागजातहरु सहित परियोजना व्ययवस्थापन इकाईमा सूचनामा तोकिएको म्याद भित्र प्रस्ताव दर्ता गर्नु पर्नेछ।

(घ) सम्भाव्यताका आधारमा प्राप्त आवेदनहरुको मुल्याङ्कन प्रस्ताव मुल्याङ्कन समितिले गर्नेछ। मुल्याङ्कन समितले प्रस्ताव छनौट भए/नभएको सम्बन्धमा * आवेदकले माग गरेमा सुचित गर्नु पर्नेछ।

(ङ) सिफारिस भएका आवेदकहरुको प्रस्तावित ईन्जिनियरिङ्ग डिजाईन, लागत अनुमान तथा भौतिक पुर्वाधारहरुको Appraisal परियोजना र सम्बद्ध परामर्शदाताहरुले गर्नेछन्। यसको अनुगमन तथा कार्यान्वयनको चरणमा आवश्यक पर्ने प्राविधिक रेखदेख, सुपरिवेक्षण सम्बन्धी कार्य परियोजना र सम्बद्ध परामर्शदाताहरुबाट हुनेछ ।

---

* पहिलो संसोधनबाट थप

४.३ प्रस्ताव मूल्याङ्कन समिति: कार्यक्रमका लागि प्राप्त प्रस्तावहरुको छनौटका लागि देहाय वमोजिमको प्रस्ताव मूल्याङ्कन समिति रहनेछ।

(क) परियोजना निर्देशक वा निजले तोकेको वरिष्ठ अधिकृत (परियोजना) — अध्यक्ष

(ख) वरिष्ठ कृषि अधिकृत, प्रविधि विस्तार तथा पुर्वाधार विकास शाखा (परियोजना) — सदस्य

(ग) कानुन उपसचिव/अधिकृत प्रतिनिधि, * कृषि तथा पशुपन्छी विकास मन्त्रालय — सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख, आर्थिक प्रशासन शाखा (परियोजना) — सदस्य

(ङ) वरिष्ठ अधिकृत, * योजना तथा समन्वय महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय — सदस्य

(च) वरिष्ठ कृषि इन्जिनियर, प्रविधि विस्तार तथा पुर्वाधार विकास शाखा (परियोजना) — सदस्य

*(छ) वरिष्ठ अनुगमन मूल्यांकन अधिकृत, (परियोजना) — सदस्य

(ज) वरिष्ठ योजना अधिकृत * वा परियोजना निर्देशकले तोकेको व्यक्ति(परियोजना) — सदस्य-सचिव

समितिले आवश्यकताका आधारमा वढिमा २ जना सम्वन्धित विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

४.४ कार्यान्वयन प्रकृया:

(क) छनौट भएका कम्पनीहरुले कार्य प्रारम्भ गर्नुपूर्व नियमअनुसार नक्सा पास गराउनु पर्ने तथा आवश्यक अन्य प्रक्रियाहरु पुरा गर्नुपर्नेछ ।

(ख शित भण्डार गृह स्थापनाका लागि सम्पूर्ण भौतिक पुर्वाधार निर्माणको कार्य र मेशिनरी उपकरणको जडान लगायतका कार्यहरु सम्झौता मितिले बढिमा २ वर्ष भित्रमा सम्पन्न गरिसक्नु पर्नेछ । अन्य शर्तहरु सम्झौता बमोजिम हुनेछ ।

(ग) यसरी स्थापना हुने शित भण्डार गृहको भौतिक पुर्वाधारहरुको निर्माण तथा मेशिनरी उपकरण खरिद र जडानको लागि नेपाल सरकारबाट बढीमा ७०% अनुदान प्राप्त हुने छ, घटीमा ३०% लागत (जग्गा बाहेक) कम्पनीले बेहोर्नु पर्नेछ।

(घ) निर्माण कार्यको नियमित अनुगमन, सुपरिवेक्षण तथा प्राविधिक सेवा परियोजना तथा परामर्शतादाहरुबाट हुनेछ ।

(ङ) कार्य प्रगती र सुपरिवेक्षणको आधारमा परामर्शदाताले पेश गरेको रनिङ्ग/अन्तिम बिललाई परियोजनाको प्राविधिकको सिफारिसमा नेपाल सरकारले व्यहोर्ने रकम पटक पटक गरी बढिमा ४ किस्ता (साधारणतया: पहिलो दोस्रो तेस्रो र चौथोमा क्रमश: २०, ३०, ३० र २०%) मा भूक्तानी गरिने छ । बैंक जमानतको आधारमा अनुदान रकमको बढीमा २०% प्रतिशत मोबिलाइजेसन पेश्की उपलव्ध गराउन सकिनेछ। मेशिनरी औजारहरु तथा निर्माण सम्बन्धी सामाग्रीहरु बिदेशबाट आयात गर्नुपर्ने भएमा सोको Letter of Credit खोलेको बैंकको प्रमाणित कागजातहरुको आधारमा अनुदान रकमको बढिमा ७०% सम्म भुक्तानी दिन सकिनेछ । साथै निर्माणको अन्तिम किस्ता भुक्तानीका लागि पेश गर्दा शित भण्डार गृह सञ्चालन सम्बन्धी आचार संहिता पेश गरी * परियोजनाबाट स्वीकृत पाए पश्चात मात्र भुक्तानी गरिनेछ ।

(च) नेपाल सरकारको नियमानुसार अग्रीम आयकर कट्टी गरिनेछ ।



* पहिलो संसोधनबाट थप

(छ)* शित भण्डार गृह निर्माण संग सम्बन्धित मेशिनरी औजार लगाएत अन्य निर्माण सामाग्रीहरु जस्तै: सिमेन्ट, छड, गिट्टि, बालुवा, काठ, पफ प्यानल, प्रि फ्याव स्टिल स्ट्रकचर आदिमा लाग्ने सेवा शुल्क सम्बन्धित प्रस्तावदाताले व्यहोर्नु पर्ने र मू.अ.करको हकमा सम्झौता बमोजिमको प्रतिशतको आधारमा भुक्तानी गरिनेछ । यो व्यवस्था साविकमा सम्झौता भई कार्यान्वयनमा रहेका र अव उप्रान्त सम्झौता हुनेमा लागु हुनेछ ।

## खण्ड ५. अनुगमन तथा मूल्याङ्कन व्यवस्था

५.१ सन्चालित कार्यक्रमहरुको अनुगमन तथा मुल्याङ्कनको कार्य परियोजनाबाट हुनेछ।

५.२ कार्यक्रम अनुगमन तथा सूचना प्रकाशन, बैठक भत्ता आदि आवश्यक कार्यहरुको लागि लागत अनुमानको बढीमा १ प्रतिशत कन्टिन्जेन्सी (Contingency) बापत हुन आउने रकमबाट खर्च गरिने छ ।

## खण्ड ६. विविध

६.१ शित भण्डार गृह निर्माण अवधि: शित भण्डार गृहको क्षमता र निर्माण प्रकृती अनुसार निर्माण अवधि सम्झौता मितिले बढीमा २ वर्षको हुनेछ । सम्झौतामा तोकिएको अवधि भित्र निर्माण सम्पन्न * नगरेमा सो समयावधि भित्र जे जति निर्माण सम्पन्न भएको छ, सो को मात्र मूल्यांकन गरी हिसाव मिलान गरिनेछ ।

६.२ प्रारम्भिक कार्य: प्ररम्भिक कार्य स्वरुप यस स्वीकृत कार्यविधिको परिधिमा रहने गरी निर्माणा अवस्थामा रहेका शित भण्डार गृह/कम्पनीहरु समेतले नियम पूर्वक आवेदन गर्न सक्नेछन् ।

६.३ दोहोरो सुविधा लिन नपाउने: प्रस्तावित कार्यको लागि नेपाल सरकारबाट अनुदान वा बैंकबाट सोही कार्यका लागि ब्याज अनुदान प्राप्त गरेकोले यस कार्यक्रममा सहभागी हुन पाउने छैन।

६.४ यसरी अनुदान प्राप्त गरी निर्माण भएको शित भण्डार गृह निर्माण सम्पन्न पश्चात ५ बर्ष सम्मका लागि उक्त शित भण्डार गृह कुनै बैंक वा वित्तीय संस्थामा धितो राखी ऋण लिन र बिक्री वितरण गर्न पाइने छैन । तर कम्पनीको नाममा रहेको जग्गा भने बैंकमा धितो राखी यसै कार्यका लागि मात्र ऋण लिन पाउनेछ ।

६.५ यो सुविधा पाएका कम्पनीहरुलाई नेपाल सरकारको प्रचलित कानून बमोजिम पाउने सुविधा बाहेक अन्य थप सुविधाको लागि सिफारिस गरिने छैन ।

६.६ यस कार्यविधिमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

६.७* मूल्यांकन भई सम्झौताका लागि सिफारिस भएको प्रस्तावदाता कम्पनीसँग, परियोजनाको स्वीकृत लागत अनुमान एवं अन्य जिल्लाका प्रस्तावहरुसँग तुलनात्मक समानता तथा औचित्यताका आधारमा परियोजनाले वार्ता गरी नेपाल सरकारको अनुदान रकम कम हुनेगरी, कम्पनीको लागत सहभागिताको रकम बृद्धि गर्न वार्ता मार्फत अनुरोध गर्न सक्नेछ ।

६.८ परियोजना कार्यान्वयन समितिले आवश्यकता अनुसार यस कार्यविधिमा परिमार्जन गर्न सक्नेछ ।

---

* पहिलो संसोधनबाट थप

## अनुसुची १

### शित भण्डार गृह स्थापनार्थ आवश्यक पर्ने कम्पनीको मापदण्ड

१. प्रचलित कानुन बमोजिम सूचना प्रकाशन भएको मिति अगावै दर्ता भएका निजी कम्पनीहरु मात्र यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

२. विधान/प्रवन्धपत्र/नियमावली/दर्ता प्रमाणपत्रमा उद्देश्य शित भण्डार गृह स्थापना/सञ्चालन गर्ने सम्बन्धी हुनुपर्नेछ ।

३. कृषि उपज भण्डारणको लागि शित भण्डार गृह स्थापना गर्न * वढीमा ५००० मेट्रिक टन क्षमताको मल्टीच्याम्वर शित भण्डार गृह लागि न्युनतम ६५०० वर्ग मिटर (१ विघा) उपयुक्त जग्गा कम्पनीको आफ्नो वा प्रोप्राइटरको वा * संचालक सदस्यको नाममा हुनुपर्नेछ र छनौट भएको प्रस्तावको हकमा सम्झौता गर्नुपुर्व कम्पनीको नाममा जग्गा कायम गर्नु पर्नेछ । करारनामाको जग्गा मान्य हुने छैन। परियोजनाको जोन/सुपरजोनले संचालन गर्ने यस सम्बन्धी कार्यक्रमको हकमा कम्तिमा २० वर्षको करारनामा हुनुपर्नेछ ।

४. उच्च पहाडको हकमा प्रस्तावित शित भण्डार गृह क्षमता कम्तीमा १५०० मेट्रिक टन मल्टीच्याम्वर हुनुपर्नेछ ।

५. कम्पनीको तर्फबाट ब्यहोरिने ३०% लगानीको Letter of Intent * स्पष्ट अंकमा र अक्षरमा उल्लेख गरेको तथा सुचना प्रकाशन भए पश्चात यस परियोजनालाई सम्बोधन गरी जारी भएको पेश गर्नु पर्नेछ । सो ३०% लगानीको हिस्सामा कम्पनीको जग्गा र अन्य चालु खर्च समावेश हुनेछैन ।

६. सडक, विद्युत र थ्री-फेज लाइन भएको वा जडान गर्न सक्ने लगायतका आवश्यक पूर्वाधारहरुको ब्यवस्थापन तथा सुलभ पहुंच भएको हुनु पर्नेछ ।

७. बहुतले संरचना (Multistory cold storage building) को हकमा माटो जाँच (Soil test) को आधारमा Foundation design गरी पेश गर्नुपर्नेछ ।

* पहिलो संसोधनबाट थप

## अनुसुची २

### प्रस्ताव माग फाराम

१. कम्पनीको नाम: ठेगाना:

२. कम्पनी दर्ता भएको मिति: दर्ता भएको कार्यालय:

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

३. सम्पर्क व्यक्तिको नाम: ईमेल: सम्पर्कन|.:

४. लाभान्वित कृषक संख्या: प्रत्यक्ष: अप्रत्यक्ष:

५. प्रक्षेपित कारोवार शुरु मिति/शुरुहुने मिति:

६. प्रक्षेपित कारोवार विवरण:

| विवरण | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

७. कारोवार क्षेत्र/जिल्लाहरु:

८. कम्पनीको चल अचल पूंजिको विवरण:

९. उपलब्ध हुने जग्गाको विवरण:

(क) पाखो (Up Land)/खेत (Low Land):

(ख) क्षेत्रफल:

कृषि तथा पशुपन्छी विकास मन्त्री

(ग) सडकको पहुँच: मार्गको अवस्था:

फराकिलो: मुख्य सडक सम्मको दुरी:

यहाँ

प्रस्तावित कोल्ड स्टोरेज निर्माण हुने ठाउँ
नक्सामा देखाउनु होस् ।

(घ) विद्युतको क्षमता न्यूनतम ३ फेज आवश्यक पर्ने भएकोले सो संगको दुरी: ..की. मि.

छैन भने आवश्यक संभावना विवरण:

अन्य आवश्यक विवरणहरु उल्लेख गर्नु पर्नेभए:

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

१०.कम्पनीको आवश्यकता (भौतिक पुर्वाधार तथा मेशिनरी औजार) को विवरण शित भण्डार गृहको क्षमता:

अन्य भौतिक पुर्वाधार र तिनको क्षमता: मेशिनरी उपकरणहरु:

कार्यालय: कोठा संख्या:

११. अनुसुची ३ मा उल्लेख भएको विवरणहरु अनिवार्यरुपमा पेश गर्नु पर्नेछ। आंसिक र अपुर्ण रुपमा पेश भएका एवं समय सिमा भित्र दर्ता नभएका प्रस्तावहरुको मुल्याङ्कन हुने छैन।

अन्य विवरण (केहि विवरण स्पष्ट पार्नु पर्ने भएमा):

उपर्युक्त विवरणहरु जाने बुझे सम्म सहि छ, यदि झुटो ठहरिएमा निवेदन स्वत: खारेज भई सो अनुसार कारबाही भएमा कानुन बमोजिम सहुँला बुझाउँला:

| | |
|---|---|
| साक्षी: | निवेदक: |
| दस्तखत: | दस्तखत: |
| नाम: | नाम: |
| पद: | पद: |
| मिति: | मिति: |

... पशुपन्छी विकास मन्त्री

## अनुसुची -३

### संलग्न गर्नु पर्ने कागज पत्रहरु

१. कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपि । नविकरण आवश्यकता भएमा सो समेत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

२. विधान/प्रवन्ध पत्र, नियमावलीको प्रतिलिपि ।

३. पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि । एक वर्षभन्दा पुरानो कम्पनीको हकमा गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र लेखा परीक्षण प्रतिवेदन ।

४. जमिनको स्वामित्व कम्पनी/प्रोप्राइटरको नाममा रहेको लालपुर्जा र Trace नक्सा ।

५. आगामी १० वर्षको लागि व्यवसायिक योजना (Business Plan) ।

६. नियमानुसार प्रारम्भिक वातावरणिय मूल्याङ्कन (Initial Environmental Examination) भएको वा सो गर्नको लागि कार्य सुची (Terms of Reference) * कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा दर्ता भएको।

७. पुर्ण ईन्जिनियरिङ्ग डिजाईन सहितको नक्सा तथा लागत अनुमान ।

८. आवेदक कम्पनीले गर्नु पर्ने लगानीको लागि सम्बन्धित बैंकको आशय पत्र (Letter of Intent) ।

९. सम्भाव्यता अध्ययन, उद्देश्य तथा आवश्यकता, भौतिक पुर्वाधार, क्षमता, सञ्चालन पुंजि, व्यवसायिक योजना सहितको पूर्ण आयोजना प्रतिवेदन (Detailed Project Report) २ प्रति ।

१०. प्रस्तावित शित भण्डार गृहका लागि आवश्यक पर्ने मेशिनरी औजार निर्माण सम्बन्धी कार्यमा संलग्न अनुभव प्राप्त स्वदेशी/विदेशी supplier/फर्म/कम्पनीको अनुभव र कोटेशन ।

११. प्रस्ताव छनौट भए पछि कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहको मापदण्ड अनुसार नक्सा पास भएको प्रमाण।

---

* पहिलो संसोधनबाट थप

कृषि तथा पशुपन्छी विकास मन्त्री

# अनुसुची -४

## प्रस्ताव छनौटका लागि मूल्याङ्कनका आधारहरु

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| सि.नं. | आधार | अङ्क भार | कारण |
|---|---|---|---|
| १. | जग्गा/बिजुली/सडक | ३० | |
| १.१ | जग्गा | २० | |
| १.१.१ | कम्पनीको नाममा जग्गा भएको | २० | |
| १.१.२ | प्रोप्राइटरको नाममा जग्गा भएको | १५ | |
| १.१.३ | करारनामा (जोन/सुपरजोनले संचालन गर्ने) | बढिमा १२ | |
| १.२ | बिजुली र सडक | १० | |
| १.२.१ | सडक | बढिमा ५ | |
| १.२.२ | बिजुली | बढिमा ५ | |
| २. | डिजाइन/डिटेल इस्टिमेट | २० | |
| २.१ | उत्तम | १९.१-२०.० | |
| २.२ | राम्रो | १८.१-१९.० | |
| २.३ | सामान्य | १६.१-१८.० | |
| ३. | व्यवसायिक योजना/दिगोपना/प्रस्तावको आधार | २० | |
| ३.१ | उत्तम | १९.१-२०.० | |
| ३.२ | राम्रो | १८.१-१९.० | |
| ३.३ | सामान्य | १६.१-१८.० | |
| ४. | लगानीको आधार (%)/Letter of intent सहित | १० | |
| ४.१ | ३५% भन्दा बढि लगानी | १० | |
| ४.२ | ३२-३५% लगानी | ८ | |
| ४.३ | ३२% भन्दा कम लगानी | ६ | |
| ५. | शित भण्डार गृह निर्माण सम्वन्धी कार्यमा संलग्न हुने स्वदेशी/विदेशी supplier/फर्म/कम्पनीको अनुभव | २० | |
| ५.१ | वर्षको आधारमा | १० | |
| ५.१.१ | ५ वर्ष भन्दा बढि | १० | |
| ५.१.२ | ३-५ वर्ष | ८ | |
| ५.१.३ | ३ वर्ष भन्दा कम | ६ | |
| ५.२ | उत्पादन गरेको सामाग्री supply गरेको satisfactory letter को आधारमा | १० | |
| ५.२.१ | ५ भन्दा बढि | १० | |
| ५.२.२ | ३-५ | ८ | |
| ५.२.३ | ३ भन्दा कम | ६ | |
| ६. | स्थलगत प्रमाणिकरण (Location varification) | [redacted] | |
| | जम्मा:(१+२+३+४+५) | १०० | |

नोट:

क) प्रतिश्पर्धी कम्पनीहरुको मूल्याङ्कन अंक बराबर भएमा *नेपाल सरकारबाट कम अनुदान रकम माग गर्ने प्रस्तावलाई प्राथमिकता दिईनेछ ।

ख) *ईन्जिनियरिङ्ग डिजाईन स्टिमेट तथा व्यवसायिक योजनाको प्रस्तावमा सफल ठहर भएका प्रस्तावदाताहरुको मात्र स्थलगत (जग्गा, बाटो र विद्युत) को अनुगमन गरिने छ र स्थलगत निरिक्षणमा उपयुक्त ठहर भएमा सम्झौताका लागि सिफारिस गरिनेछ

ग) मूल्याङ्कन समितिले तोकेको स्थलगत प्रमाणिकरण टोलीले स्थलगत प्रमाणिकारणबाट तीन तहमा (१. उतिर्ण, २. सुझाव सहित उतिर्ण, ३. अनुतिर्ण) नतिजालाई विभक्त गरी निर्णय पेश गर्नेछ ।

घ) स्थलगत प्रमाणिकरणका लागि टोलीले तोकिएको ढाँचाको चेकलिष्ट (अनूसूची ५) अनुसार स्थलगत प्रमाणिकरणको कार्य सम्पानदन गर्ने छ । ईन्जिनियर सहितको बढीमा ३ सदस्यीय प्रमाणिकरण टोली यस प्रयोजनका लागि खटाईनेछ ।

* पहिलो संसोधनबाट थप गरिएको

## अनुसुची -५

स्थलगत प्रमाणिकरण गर्दा प्रमाणिकरण टोलीले भर्नु पर्ने फारम

| सि.नं. | विवरण | भएको | हुन सक्ने | हुन नसक्ने |
|---|---|---|---|---|
| १. | सडकको अवस्था | | | |
| १.१ | ८ मिटर भन्दा माथी | | | |
| १.२ | ७ मिटर भन्दा माथी | | | |
| १.३ | ६ मिटर भन्दा माथी | | | |
| २. | विजुलीको अवस्था | | | |
| २.१ | थ्री फेज लाईन | | | |
| ३. | जग्गाको अवस्था | | | |
| ३.१ | आवश्यकता अनुसार | | | |
| ४. | व्यवसायको दृष्टिले उपयुक्त | | | |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौ

माथिको स्थलत प्रमाणिकरणको आधारमा तपशिल बमोजिम सिफारीस गर्दछु/गर्दछौ:

क) उतिर्ण

ख) संलग्न सुझाव सहित उतिर्ण

सुझाव

ग) देहायका कारण सहित अनुतिर्ण

कारणहरु

स्थलगत प्रमाणिकरणमा संलग्न टोलीको विवरण

नाम:
पद:
कार्यालय:
दस्तखत:
मिति:

नाम:
पद:
कार्यालय:
दस्तखत:
मिति:

नाम:
पद:
कार्यालय:
दस्तखत:
मिति:

तथा पशुपन्छी विकास मन्त्री